| नीति | कार्यक्रम |
|---|---|
| **कषी तथा पशुपंछी विकास अन्तर्गत** | |
| १. कृषी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धी गरी आत्म निर्भरता हासील गर्न एकिकृत प्रयत्न गरीनेछ। नगरबाट प्रदान गरीने सवै प्रकारका अनुदानमा समानता कायम गरीनेछ ।<br>२. वडाहरुबाट अनुदानमा वितरण गरीने यन्त्र उपकरण, मल विउ लगायतका सामग्री वितरण गर्दा नगरसँग समन्वय गरी समान कार्यक्रममा समान साझेदारी हुने सुशनिश्चितता गरीने छ ।<br>३. नगरका मुलभुत कृषीक्षेत्रहरुमा पर्याप्त सिचाई सुविधा उपलब्ध गराउने ।<br>४. कृषीलाई उद्यमको रुपमा विकास गर्न सहयोग र प्रोत्साहन गरीनेछ । | १. **परमंपरागत प्रणालीबाट निकास, कृषी र पशुपंछी क्षेत्रको विकास"** भन्ने अभियानका साथ कार्यक्रम संचालन गर्ने।<br>२. **"कृषी कर्मलाई करको होइन, रहरको विषयको रुपमा विकास"** गर्ने ।<br>३. सम्भाव्य कृषि उत्पादनलाई छनौट गरी कृषी बस्तु उत्पादनमा सहजिकरण, ब्राण्डिङ, प्रकाणीकरण र बजारीकरण गर्ने ।<br>४. **"कृषिमा लगानी, खेतखेतमा पानी"** भन्ने कार्यक्रमलाई आत्मसाथ गर्दै उत्पादनशिल क्षेत्रमा भुमितग तथा सतही सिंचाई मा सहयोग गर्ने ।<br>**५. कृषीलाई जोहो टार्ने समस्याको होईनः उद्यम विकास गर्ने** सम्भावनाको क्षेत्रको रुपमा विकास गर्ने कार्यक्रम संचालन गर्ने । |
| **सहकारी विकास** | |
| **१**. "सहकारीको लगानीबाट सदस्यहरुको उद्यमशिलता विकासका लागि प्रोत्साहन र नियमन गरीनेछ । साथै सबल, गुणस्तरिय सहकारी संस्था स्थापनाका लागि प्रोत्साहन गरीनेछ । | १. **"व्यवस्थित र सदस्यमैत्री सहकारीको अभिवृद्धी, दमकको समृद्धी"** कार्यक्रम संचालन गरीनेछ। |
| **उद्योग, वाणिज्य बैकिङ तथा रोजगार** | |
| १. उद्योग, वाणिज्य तथा बैकिङ क्षेत्रको विकासका लागि उचित वातावरण तयार गर्न सहयोग गर्ने । | १. नगरपालिका र उद्योग, वाणिज्य तथा बैकिङ क्षेत्रहरुसँग सार्वजनिक निजी साझेदारीमा कार्यक्रम संचालन गर्ने। |

| | |
|---|---|
| २. शहरी सुरक्षा र सुन्दरता विकासका लागि समन्वयित रुपमा सहकार्य गरीनेछ । | २. लगानीमैत्री वातावरण निर्माण गर्ने । |
| रोजगारी | |
| रोजगारीका अवसरहरुमा पहुच अभिवृद्धी र उमशिलता मार्फत स्वरोजगारी सृजनाका लागि सहयोग, समन्वय र उचित कार्य वातावरण निर्माण गरीनेछ । | १. रोजगारीको अवसरमा पहुच अभिवृद्धीका लागि तालिम तथा अनुशिक्षणहरु प्रदान गर्ने ।<br>२. उद्यमशिलता विकासका लागि पुजी र प्रविधिको सहजिकरण एवम् प्रवन्ध गर्ने। |
| **सार्वजनिक सेवा** | |
| १. नगरको सार्वजनिक सेवालाई छिटो, छरितो, पारदर्शी, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउन **"तिव्र विकासका लागि गुणस्तर सहितको शिघ्र सेवा"** प्रदान गरी नागरिकलाई सुशासनको अनुभुती दिने।<br>२. आयोजना / कार्यक्रमको निरन्तर अनुगमनद्धारा गुणस्तर सुनिश्चितता गरीनेछ ।<br>३. सार्वजनिक सम्पत्तीको खोज गरी संरक्षण एवम् एकिकृत अभिलेख तयार गरीनेछ ।<br>४. सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यान्वयन क्षमतामा सुधार गरी पुजीगत खर्चमा वृद्धी गर्दै जवाफदेही, पारदर्शी, सुचना प्रविधिमा आधारीत र नतिजामुलक सार्वजनिक खर्च व्यवस्थापन प्रणालीको विकास गर्ने ।<br>५. नगरपालिका भित्रका शाखा, उपशाखा, वडा र सार्वजनिक सेवा प्रवाह गर्ने ईकाइहरु विच स्वस्थ्य प्रतिष्पर्धाको | 1. कर्मचारीको व्यवहार परिवर्तन र समानुपातिक अवसरको विकास गर्ने ।<br>2. सेवाग्राही मैत्री संरचना र सेवा प्रवाहमा निरन्तर सुधार गर्ने।<br>3. **"जनताको कामको निकास, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास"** कार्यक्रम संचालन गर्ने।<br>4. **"मुस्कान सहितको सेवा, नागरिकहरुको पेवा"** कार्यक्रम संचालन गर्ने ।<br>5. **"शासन होईन सुशासन"** प्रदान गर्ने कार्यलाई आत्मसाथ गर्ने।<br>6. प्रत्येक **"आयोजना / कार्यक्रममा नागरिकको आवद्धता, निरन्तर अनुगमन, हाम्रो प्रतिवद्धता"** कार्यक्रम संचालन गर्ने ।<br>7. एकिकृत अभिलेख तयार गर्न विशेष कार्यक्रम संचालन गर्ने ।<br>8. सार्वजनिक खर्चको कार्यान्वय कुसलता र नतिजा मुलक व्यवस्थापनद्वारा वित्तय अनुसासन काय गर्ने।<br>9. **"नगरपालिकाको जोड : कुनै वडा छैन कमजोर" भन्ने** कार्यक्रमलाई कार्यान्वयन गर्ने। |

| | |
|---|---|
| ६. विकास साझेदारहरुसँग सहकार्य गरी स्थानीय सरकारको भुमिका लाई थप शसक्त बनाईनेछ । | 10. समन्वय सहकार्य र साझेदारीमा जोड दिई विकास व्यवस्थापनका क्रियाकलाप संचालन गर्ने । |
| **राजस्व संकलन क्षेत्र** | |
| राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाई आन्तरिक राजस्वको आकारलाई क्रमश वृद्धी गर्दै आत्म निर्भरता तर्फ लगिनेछ। | १. राजस्व असुली लक्ष्य प्राप्तिका लागि समन्वित प्रयास गरी राजस्व संकलनमा वृद्धी गर्ने ।<br>२. नगरपालिकाको राजस्व सुधार कार्ययोजनालाई कार्यन्वयन गर्ने। |
| **कानून निर्माण** | |
| आवश्यक कानूनहरुको तर्जुमाद्धारा स्थानीय सरकारको भुमिकालाई स्थापित गर्ने। | लोकतान्त्रिक सहभागिता मुलक ढंगले कार्यान्वयनसिल कानुनको तर्जुमा गरी विवेकशील कार्यान्वयन गर्ने । |
| **विपद, वन तथा वातावरण सम्बन्धी नीति** | |
| १. दिगो विकासका लागि वातावरण संरक्षण र सम्वर्द्धन गर्दै वातावरण र मानविय अन्तर सम्वन्ध एवम् अन्तर आश्रीतलाई आत्मसाथ गरी **"सवै प्राणीका लागि - सधैका लागि"** उपयुक्त वातावरण बनाउने ।<br>२. **व्यवस्थित शहर , सफा र सुन्दर नगरको"** नारालाई आत्मसाथ गरी नीतिका रुपमा अंगिकार गरीनेछ। | **1.** **"प्रकृतिमा सवैको शरण; दिगो, स्वच्छ र हराभरा वातावरण"** अभियान सञ्चालन गरीनेछ ।<br>**2.** **"नसोचेको समय र तरिकाले आउछ आपत, पूर्वतयारीले टार्न सकिन्छ जोखिम र विपद"** भन्ने नारालाई मूर्तरूप दिन अन्तरतह र नीजि क्षेत्रसँगको सहकार्यमा पूर्व तयारीको कार्य गरीनेछ भने प्रति कार्यका लागि सदैब समन्वियत पहल गरीनेछ ।<br>**3.** . सार्वजनिक निजी साझेदारी मार्फत फोहोरमैला व्यवस्थापनलाई थप प्रभाकारी बनाउने । |
| **शिक्षा** | |
| १. सर्वशुलब, अनिवार्य र गुणस्तरिय शिक्षाको अवधारणा बमोजिम शिक्षाको पहुच नागरिक सम्म अभिवृद्धी गरी साक्षर नगरको रुपमा निरन्तरता दिईनेछ । | १. **"गुणस्तरीक्ष शिक्षामा लगानी; ल्याउछ सुनौलो विहानी"** कार्यक्रम अन्तर्गत विद्यालय शिक्षालाई थप पहुँच योग्य र सर्वसुलभ बनाउने । |

| | |
|---|---|
| २. सामुदायिक विद्यालयका विद्यार्थिहरुलाई उद्यमशिलतामा आकर्षण गर्नका लागि विशेष प्रयत्न गरीने नीति अवलम्बन गरीनेछ ।<br>३. तनाब रहीत सृजनशिल वातावरण निर्माण गरी पठन पाठनलाई थप व्यवहारिक बनाईनेछ ।<br>४. सामुदायिक विद्यालयको आधारभूत तहसम्मको शिक्षालाई पूर्ण निशुल्क एवम् नविन पद्धतीद्धारा पठनपाठन गराई सिकाई पद्धती विकास गरिनेछ ।<br>५. नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा भौतिक सेवा सुविधा तथा नविनतम् सूचना प्रविधिको विस्तार गरिनेछ ।<br>६. हामी सबैको जिम्मेवारी : दमकको शिक्षामा हाम्रो साझेदारी कार्यक्रम सञ्चालन गरीनेछ । | २. सिकाई उपलब्धी तथा गुणस्तर अभिवृद्धि गर्न **सुधारको लागि गरौ सुर : मेहनत गर्छौ भरपूर** कार्यक्रम सञ्चालन गर्ने।<br>३. विद्यालय उमेर समुहका सबै वालवालिकाहरुलाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्राथमिकताका साथ प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने।<br>४. सामुदायिक विद्यालयको कक्षा ८ सम्मको शिक्षालाई अनिवार्य, निःशुल्क र अंग्रेजी माध्यमबाट पठनपाठन हुने व्यवस्था गर्ने।<br>५. **पढ्दै कमाउदै र कमाउदै पढ्दै** कार्यक्रम लागु गरीनेछ ।<br>६. **"हप्तामा एकबार, खुसीको बहार "** कार्यक्रम सञ्चालन गर्ने।<br>७. **"हाम्रो कार्यभार, नविन सिकाई र परिवर्तित व्यवहार"** कार्यक्रम सञ्चालन गरीनेछ ।<br>८. आधारभूत तह सम्मको शिक्षा पूर्ण निशुल्क हुने व्यवस्थालाई कार्यान्वयन गरीनेछ ।<br>९. सबै सामुदायिक विद्यालयहरुलाई शैक्षिक भौतिक पूर्वाधार सम्पन्न बनाउने ।<br>१०. **हाम्रा विद्यार्थीको इच्छा : सूचना प्रविधिमैत्री शिक्षा** कार्यक्रम सञ्चालन गर्ने ।<br>११. दमकको शैक्षिक सुधारका लागि नवप्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने । |
| **खेलकुद विकास** | |
| खेलकुदलाई राष्ट्रको पहिचान गौरब र प्रतिष्ठा बढाउने माध्यम एवम् स्वास्थ्य र अनुशासन विकासको जगको रुपमा विकास गर्नका लागि खेलकुद संरचना निर्माण एवम् खेलकुद क्रियाकलापहरु संचालन गरीनेछ । | **"दमकमा छैन बेमेल ; अनुशासन, स्वास्थ्य र गौरबका लागी खेल "** भन्ने नाराका साथ कार्यक्रम सञ्चलान गरीनेछ । |

| सामाजिक विकास कार्यक्रम | |
|---|---|
| १. नगरको समृद्धि र विकास तथा सामाजिक क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्ति तथा संस्थालाई सम्मान र पुरस्कृत गरीनेछ ।<br>२. नगरपालिकामा दर्ता भई क्रियासिल रहेका टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी नगर तथा वडाको सहयोगी एकाइको रुपमा परिचालन गरीने छ ।<br>३. अति विपन्न परिवारलाई नगर सहुलियत कार्ड मार्फत दैनिक उपभोग्य वस्तु चामल / पिठो, दाल, नुन, तेल,सावुन उपलव्ध गराईने छ।<br>४. सामाजिक संघसंस्थाहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरीनेछ।<br>५. प्रथम नागरिक धिमाल जातिको संस्कृति, रितिरिवाज परम्परालाई संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरीने छ ।<br>६. लागु औषधको नियन्त्रण, रोकथाम सचेतना र उपचार अभियान कार्यक्रम संचालन गरीने छ ।<br>७. नगर भित्रका विपन्न परिवारको पहिचान गरी गरीवि निवारणका लागि विपन्न लक्षीत सिप, क्षमता विकास कार्यक्रम संचालन गरीने छ.<br>८. दमक नगरका स्थानीय आदिवासिहरुको भाषा, साहित्य, संस्कृति उत्थानका लागि विशेष कार्यक्रम ल्याईने छ ।<br>९. बेसहारा सडक मानव तथा वेवारिसे शव व्यवस्थापनका लागि आवश्यक कदम चालिने छ । | १. हरेक वर्ष नगरको समृद्धि र विकास तथा सामाजिक क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्ति तथा संस्थालाई पुरष्कृत गर्ने ।<br>२. **"टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि,नगरको समृद्धि** कार्यक्रम संचालन गरीने छ ।<br>३. **" जहा विपन्न;त्यहा खाद्यान्न"** कार्यक्रम संचालन गरीने छ।<br>४. सामाजिक संघसंस्था प्रवर्धन कार्यक्रम संचालन गरीने छ ।<br>धिमाल जातिको संस्कृति, रितिरिवाज परम्परालाई संरक्षण गर्ने कार्यक्रम संचालन गर्ने ।<br>५. धिमाल जातिको परम्परागत संस्कृति संरक्षणको लागि होम स्टे संचालनमा ल्याउने ।<br>६. लागु औषधको नियन्त्रण,रोकथाम सचेतना र उपचार अभियान कार्यक्रम संचालनमा ल्याउने<br>७. विपन्न परिवारका सदस्यलाई विपन्न लक्षित सिप, क्षमता विकास तालिम प्रदान गरी स्वरोजगार हुन प्रोत्साहन गर्ने साथै विउ,पुजि वितरणको व्यवस्था मिलाईने छ ।<br>८. आदिवासि जनजातिहरुको सांस्कृतिक महोत्सव, भाषा, साहित्य जगेर्ना गर्न आदिवासि जनजाति महासंघ सँग समन्वय गरी लागत सहभागितामा कार्यक्रम संचालन गर्ने।<br>९. **"दमक शहर, सडक मानव मुक्त नगर"**को कार्यक्रम संचालन गरीने छ ।<br>१०. युवा, महिलाहरुलाई लक्षित गरी सिप विकास तालिम केन्द्र मार्फत विभिन्न विषयका सिप र तालिम निःशुल्क प्रदान गर्ने । |

| | |
|---|---|
| १०. दमक नगरमा सिप विकास केन्द्र स्थापना गरी विभिन्न विषयको सिप, तालिम प्रदान गरीने छ ।<br>११. सामाजिक विकास कार्यक्रमको प्रभावकारी संचालन, कार्यान्वयन गर्न विशेष अनुगमन निरिक्षण र अवलोकन गरीनेछ।<br>१२. विपन्न दलित समुदायको उच्च शिक्षामा सहयोग, सीप र तालिम र क्षमता विकास कार्यक्रम संचालन गर्ने।<br>१३. दमक नगरपालिका भित्र दर्ता तथा सुचिकृत भइ दमकलाई कार्यक्षेत्र बनाएर संचालन भई रहेका संचार माध्यमलाई सहयोग एवम् प्रवर्द्धन गर्दै शुसासन स्थापना गर्ने औजारको रुपमा विकास गर्ने ।<br>१४. दमक नगरको समग्र विकासका लागि विज्ञहरुको भेला गरीने छ।<br>१५. अनाथ वालबालिका, जेष्ठ, असहाय, अनाथहरुका लागि आश्रम व्यवस्थापन सहयोग कार्यक्रम संचालन गर्ने । पिछडा वर्ग, मधेशी, मुस्लिम, यौनिक तथा लैङगिक अल्पसंख्यक समुदायलाई शशक्तिकरणको माध्यमवाट मुल प्रवाहमा ल्याईनेछ ।<br>१६. युवा तथा महिलाहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन विभिन्न सिपमुलक तालिमहरु र प्रविधि हस्तान्तरण गरीनेछ ।<br>१७. एच.आई.भि.एड्स प्रभावित समुहलाई सामाजिक संरक्षणका माध्यमवाट मुल प्रवाहिकरण गरिनेछ ।<br>१८. दमक नगरलाई धार्मिक तथा सास्कृतिक शहरको रुपमा विकास गरीनेछ । | ११. सामाजिक विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन, निरिक्षण र अवलोकन गर्ने।<br>१२. दलित समुदायको सिप संरक्षण, शिक्षामा सहयोग र प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गर्ने ।<br>१३. पत्रकारिता प्रवर्धन कार्यक्रम संचालन गर्ने ।<br>१४. सामाजिक, कृषी, शिक्षा, स्वास्थ्य, वातावरण र पुर्वाधारको क्षेत्रमा विज्ञहरुको भेला गराई सुधारका लागि समन्वय कार्यक्रम संचालन गरीनेछ ।<br>१५. सामाजिक बञ्चितिमा परी पछाडि पारिएको समुदायलाई संरक्षणका माध्यमवाट मुल प्रवाहिकरण गर्ने ।<br>१६. महिला तथा युवाहरुलाई रोजगारि र स्वरोजगारीको अवसर श्रृजना गर्ने ।<br>१७. एच.आई.भी. एड्स प्रभावित व्यक्तिहरुका लागि विशेष कार्यक्रम संचालन गर्ने ।<br>१८. धार्मिक तथा सास्कृतिक सम्वन्धी कार्यक्रम संचालन गर्ने।<br>१९. दमक वाल वृद्धा आश्रमको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सहयोग तथा नियमन गर्ने ।<br>२०. **"योग गरौ निरोगि वनौ"**कार्यक्रम संचालन गरीनेछ ।यौनिक तथा लैङ्गिक अल्यसंख्यकहरुलाई सिप विकास द्धारा रोजगारी र स्वरोजगारीको अवसर श्रृजना गर्ने तथा प्रविधि उपलव्ध गराउने।<br>२१. नगरपालिका र उद्योग वाणिज्य तथा होटल व्यवसायी संघ सँग साझेदारीमा कार्यक्रम संचालन गर्ने ।<br>२२. संघ संस्थाको लागत सहभागितामा कार्यक्रम संचालन गर्ने । |

| | |
|---|---|
| १९. योग साधनाको माध्यमवाट स्वास्थ्य जिवनका लागि योग शिविर संचालन गरीनेछ ।<br>२०. दमक उद्योग वाणिज्य संघ तथा होटल व्यवसायी संघसँग आवश्यक समन्वय तथा सहकार्य गरीनेछ ।<br>२१. समाजमा रहेको तनाव, चिन्ता, Depression, लगायत anxiety, आत्महत्याका घटना वढ्दै गएकोले यसको न्युनिकरणका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरीनेछ ।<br>२२. भुटानी शरणार्थीहरुको सङ्ग्रहालय तथा भु.पु. शैनिकहरुको VC पार्क स्थापनाका लागि विशेष पहल गरीनेछ। | भुटानी शरणार्थीहरुको कला, साहित्यको संरक्षणका लागि सङग्रहालय तथा भु पु शैनिकहरुको VC पार्क निर्माण कार्यको लागि आवश्यक पहल गर्ने । |
| **वालवालिका** | |
| १. सभ्य, सुसस्कृत समाज निर्माणका लागि योजनाबद्ध रुपमा वालवालिका विकासको क्षेत्रमा लगानी र नियमन गरीनेछ । | १. **"हाम्रा बालबालिका, भविष्य हुन भोलिका"** कार्यक्रम सञ्चालन गरीनेछ।<br>२. **बालमैत्रि नगर, सबैको सरोकार समृद दमक** कार्यक्रम संचालन गर्ने । |
| महिला विकास | |
| १. दमकका महिलाहरुलाई नेतृत्व विकास एवम् विकास व्यवस्थापनको वहु आयमिक पक्षमा मुल प्रवाहिकरण गरीनेछ।<br>२. महिला माथी हुने विभेद, अन्याय, अत्याचार र हिंसा न्युनिकरणका लागि प्रवर्द्धनात्मक एवम् उपचारात्मक विधिद्धारा सभ्य समाज निर्माणका आधार तयार गरीनेछ। | **१. "दमकका महिला; विकासमा पहिला" कार्यक्रम** सञ्चालन गर्ने।<br>**२.** हिंसा पिडित महिलाहरुलाई राहत, उद्धार, संरक्षण र समाजमा पुःन स्थापना गर्ने । |
| **अपाङ्गता तथा द्धान्दपिडित वर्ग** | |

| | |
|---|---|
| १. दमकक्षेत्रका अपाङ्ग नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्दै मूल प्रवाहीकरणका लागि समन्वय गरीनेछ । | १. विपन्न अपाङ्गता तथा द्धान्द्धपिडित नागरिकहरुलाई स्थानीय सेवा र सो को पहुँचमा विशेष प्राथमित्ता दिई **स्वास्थ्यका लागि तिम्रो हात, निःशुल्क विमामा हाम्रो साथ** कार्यक्रम संचालन गरीने छ। |
| **जेष्ठ नागरिक** | |
| १. जेष्ठ नागरिकको जिवन सम्मानित, सुरक्षित र ब्यवस्थित बनाई उनिहरुको ज्ञान, सीप र अनुभवलाई दमकको समृद्धीका लागि उपयोग गरीनेछ । | **सु-सस्कार हाम्रो पहिचान, जेष्ठ नागरिकलाई सम्मान"** कार्यक्रम सञ्चालन गर्ने । |
| **यौनिक तथा लैङगिक अल्पसंख्यक समुदाय एवम् सामाजिक बञ्चितीमा परी पछाडी परेको वर्ग** | |
| १. यौनिक तथा लैङगिक अल्पसंख्यक समुदाय एवम् सामाजिक बञ्चितीमा परी पछाडी परेको समुदायलाई सशक्तिकरणको माध्यमबाट मुल प्रवाहका ल्याईनेछ । | १.यौनिक तथा लैङगिक अल्पसंख्यकहरुलाई सीप विकासद्धारा रोजगारी र स्वरोजगारीको अवसर सृजना गर्ने ।<br>२.सामाजिक बञ्चितीमा परी पछाडी परेको समुदायलाई सामाजिक संरक्षणका माध्यमबाट मुल प्रवाहिकरण गर्ने । |
| **भाषा , कला साहित्यको विकास** | |
| १. भाषा , कला साहित्यको विकास र विस्तार गरी सभ्य दमकको निर्माणका आधार तय गरीनेछ । | **१.भाषा, कला, साहित्य विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने।** |
| खाद्य स्वच्छता तथा सुरक्षा | |
| २. सम्पूर्ण दमक वासीको स्वास्थ्यको हितको निम्ती काम गरीनेछ। | ३. **सम्पूर्ण नागरिकको अधिकार, स्वास्थ्य सम्वन्धी जानकार** कार्यक्रम संचालन गर्ने<br>४. खाद्य स्वच्छतामा विकास, स्वास्थ्यकर जीवनशैलिको आधार कार्यक्रम संचालन गर्ने |
| **स्वास्थ्य सेवा** | |
| १. सार्वजनिक स्वास्थ्य सेवामा **नागरिकको पहुच अभिबृद्धी, स्वास्थ्य सेवामा ल्याछौ समृद्धी भन्ने** नारालाई नीतिको रुपमा अंगिकार गरीनेछ । | १. **सुलभ, आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने"** कार्यक्रम सञ्चालन गर्ने ।<br>२. **सुरक्षित मातृत्व कार्यक्रम संचालन गर्ने** |

| | |
|---|---|
| २. दमक अस्थित्व,बढाउछ सुरछित मातृत्व  भन्ने नारालाई नीतिको रुपमा अंगिकार गरीनेछ ।<br>३. दमक नगरक्षेत्रबाट प्रदान गरीने सरकारी एवं संस्थागत स्वास्थ्य सेवालाई थप आधुनिक, व्यवस्थित, भरपर्दो, सर्वसुलव बनाई दमकका जनता आधारभुत स्वास्थय सेवाकालागि जानु पर्दैन अन्त भन्ने नारालाई नगरको नितीको रुपमा अंगिकार गरीनेछ । | ३. नसर्ने रोग (मानसिक रोग सहित) रोकथामका लागि कार्यक्रम संचालन गर्ने ।<br>४. स्वास्थ्य क्षेत्रलाई सुशाशन युक्त क्षेत्रको रुपमा विकास गर्ने।<br>५. पोषण, खोप तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्ने।<br>६. . क्षय / कुष्ठ रोग मुक्त नगर घोषणाका लागि अभियान संचालन गर्ने ।<br>७. महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास गरी उत्प्रेरीत गर्ने ।<br>८. विद्यालयमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्ने । |
| दमक अस्पताल | |
| १. दमक अस्पतालको सेवालाई थप नागरिकमैत्री बनाउदै आत्म निर्भर र सक्षम नगर अस्पतालको रुपमा विकास गरीनेछ । | १. सर्वसुलब बहुमैत्री स्वास्थ्य पूर्वाधार निर्माण गर्ने ।<br>२. अस्पतालको सेवालाई नविन प्रविधिसँग जोडी थप आधुनिक र व्यवस्थित गर्दै लैजाने ।<br>३. अस्पतालको सेवालाई छीटो, छरीतो, भरपर्दो र गुणस्तरीय बनाउने । |
| **भवन, वस्ती, आवास, तथा शहरी विकास** | |
| १. विकास आयोजनाहरु निर्धारित समय, श्रोत, लागत, परिमाण र गुणस्तरमा सम्पन्न गरीनेछ । आयोजना संचालन गर्नु पूर्व आयोजना स्थलमा विवाद भए नभए एकिन भए पश्चात मात्र खरीद  प्रक्रिया अघी वढाईनेछ।<br>२. नगर गौरबका आयोजनालाई प्राथमिकता दिई राष्ट्रिय एवम् प्रादेशिक गौरबका आयोजनाहरु संचालनमा सम्बन्धित तहलाई सहयोग गरीनेछ । | १. दमक निर्माणका आधार, विपद सम्वेदनशिल दिगो पूर्वाधार कार्यक्रम संचालन गरीनेछ ।<br>२. "दमकका सवै पूर्वाधार, गर्छौ निरन्तर सुधार" कार्यक्रम संचालन गर्ने<br>३. व्यवस्थित शहर , दमकवासीको रहर भन्ने नारालाई कार्यान्वयन गरीनेछ। |

| | |
|---|---|
| ३. सुन्दर र दिगो पूर्वाधारयुक्त शहर निर्माणका लागि घर संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल गरीनेछ । | |